३८औं कार्यपालिका बैठक २०८१।०३।३१ गते

निर्णय नं. १ : आगामी आ.व. ०८१/०८२ का लागि यस नगरपालिकाको कर्मचारी व्यवस्थापन सम्बन्धमा तपसिल बमोजिम गर्ने निर्णय गरियो।

क) यस नगरपालिकाको संगठन तथा व्यवस्थापन सुधारका लागि सर्भेक्षण कार्य नभए सम्मका लागि चालु आ.व. ०८०/०८१ को लागि स्वीकृत अन्तरिम संगठन संचरना र दरबन्दि तेरिज आगामी आ.व. ०८१/०८२ का लागि कायम राख्ने।

ख) जनसंख्या धेरै भई कार्यचाप समेत रहेको वडाहरुको हकमा र टीकापुर पार्कमा समेत अधिकृत स्तरको कर्मचारी खटाई सेवा प्रवाहलाई थप व्यवस्थित गर्ने।

ग) यस नगरपालिका अन्तर्गत करारमा कार्यरत कर्मचारी सशर्त कार्यक्रम अन्तर्गत यस अघी करारमा रहेका कर्मचारीलाई अर्को व्यवस्था नभए सम्मका लागि साविकमा उल्लेखित सेवा सुविधा उपलब्ध हुने गरी आगामी आ.व. ०८१/०८२ का लागि करार अवधि थप गर्ने र उक्त करार अवधि निरन्तरता दिने वा नदिने सम्बन्धमा निजको कार्य सम्पादन सम्झौताका आधार हेरी कार्यपालिकाले निर्णय गर्ने साथै हेल्थ डेस्क खक्रौलामा कार्यरत अ.हे.व.मकेन्द्र रोकायालाई करार सेवा अन्तर्गत राखी आ.व. ०८१/०८२ मा काममा लगाउने।

घ) नेपाल सरकारको स्वीकृत कार्यक्रम तथा आयोजना अन्तर्गत यस नगरपालिकामा आवश्यक प्रक्रिया पुरा गरी संचालित कार्यक्रम तथा आयोजना अन्तर्गत करारमा कार्यरत कर्मचारीहरुको अर्को व्यवस्था नभए सम्म करार सेवालाई आ.व. ०८१/०८२ मा निरन्तरता प्रदान गर्ने।

ङ) यस कार्यालयमा दैनिक ज्यलादारीमा कार्यरत सरसफाई कर्मीहरु १८ जना मध्ये सरसफाई कर्मीका रुपमा १६(सोह्र) जना र कार्यालय सहयोगीका रुपमा २(दुई) जनालाई माशिक ज्यालादारीका रुपमा कामकाजमा लगाउने साथै स्वीकृत नगर दररेट अनुसार ज्याला पाउने गरी अर्को व्यवस्था नभए सम्मका लागी आ.व. ०८१/०८२ मा निरन्तरता दिने।

च) यस टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा कार्यरत सवारी चालक, नगर प्रहरी तथा दमकलमा कार्यरत कर्मचारीहरुलाई विगत देखि उपलब्ध गराउँदै आएको राशन भत्तालाई निरन्तरता दिदै आगामी आ.व. ०८१/०८२ मा प्रति महिना प्रति व्यक्ति रु. ३५००।- राशन भत्ता उपलब्ध गराउने।

छ) यस टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा कार्यरत चौकीदार कर्मचारीहरुलाई यस कार्यालयको पालोपहरा गर्दा सार्वजनिक विदाका दिनमा पालोपहरा गरेवापत दैनिक खाजा भत्ता रु.३००।– (तिन सय मात्र) उपलब्ध गराउने साथै वडादशैं तथा दिपावलीको अवसरमा पालोपहरामा रहने कर्मचारीलाई पनि उक्त सुविधा उपलब्ध गराउने।

ज) टीकापुर नगरपालिका अन्तर्गत पार्क व्यवस्थापन उपशाखामा कार्यरत उपशाखा प्रमुख विदा दिन वा अन्य दिनमा समेत अतिरिक्त समय खटीई काम गर्नु पर्ने भएको हुँदा अर्को व्यवस्था नभए सम्मका लागि प्रति दिन . २५०।-(दुई सय पचास मात्र) का दरले चिया खाजा खर्च उपलब्ध गराउँदै आएकोमा अन्य प्रशासनिक कर्मचारी

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

नगर प्रमुख

थप गर्दा कार्यालयलाई उत्तरदायित्व सृजना हुन जाने देखिएकोले अर्को व्यवस्था नभए सम्मका लागि आगामी आ.व. ०८१/०८२ मा समेत निरन्तरता प्रदान गर्ने।

झ) यस नगरपालिकाको स्वीकृत स्थायी र अस्थायी दरबन्दि अन्तर्गत रही करार सेवामा, मासिक ज्यालादारीमा कार्यरत कर्मचारीहरुले हाल प्राप्त गर्दै आएको / खाईपाई आएको मासिक पारिश्रमिक स्वीकृत नगर दररेट भन्दा न्यून हुने भएमा आ.व. ०८१/०८२ का लागि स्वीकृत नगर दररेट बमोजिम मिलान गरी कायम गर्ने र अन्य सेवा सुविधा साविक बमोजिम नै कायम गर्ने।

ञ) यस कार्यालयले प्रदान गर्ने सेवा प्रवाहलाई थप व्यवस्थित गरी गुणस्तरीय वनाउन एक कर्मचारी एक जिम्मेवारीको अवधारणाका आधारमा जिम्मेवारी तोक्ने।

निर्णय नं.२ यस टीकापुर नगरपालिकाका नगर प्रमुख श्री रामलाल डगौरा थारुज्यू कृषि क्षेत्र तथा विकास निर्माणका गतिविधिहरुको अध्यायन अवलोकनका लागि आर्थिक वर्ष २०८१/०८२ मा भियतनाम,सिंगापुर, मलेसिया र थाइल्यान्डको बैदेशिक भ्रमणमा जानुहुने भएकोले उहाँको बैदेशिक भ्रमण स्वीकृत गर्ने साथै बैदेशिक भ्रमणका लागि आवश्यक प्रकृया पूरा गर्न सम्बन्धित निकायलाई पत्राचार गर्ने निर्णय गरियो।

निर्णय नं.३ यस नगरपालिकाको वडा नं. २,५ र ७ को (टीकापुर पार्कको तटिय क्षेत्रको कालभैरब मन्दिर, कर्णालेश्वर महादेव मन्दिर र पदम प्रकाशेश्वर महादेब मन्दिर सत्ती) क्षेत्रलाई केन्द्र बिन्दु बनाई "कर्णाली बिश्वनाथ धाम स्थापना गर्नका लागि तयार गरिएको बिस्तृत अध्ययन प्रतिबेदन स्विकृत गरि क्रमशः कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं.४ यस नगरपालिकको सिमाना भएर बग्ने कर्णाली नदि वाट ढुङ्गा,गिट्टी, वालुवा उत्खनन तथा बिक्री वितरण सम्बन्धी ठेक्काका लागी तथा फोहरमैला व्यवस्थापन सेग्रिगेशन सेन्टरको व्यवस्थित सञ्चालनका लागी प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गर्न आ.व.२०८१/०८२ को सेवा तथा परामर्श शिर्षकमा विनियोजित बजेट रकम रु.१५००००० (पन्ध्र लाख) मध्येवाट तपशिल बमोजिम विनियोजन गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.स. | आयोजना/कार्यक्रमको नाम | आयोजना स्थल | विनियोजित रकम रु. | श्रोत | कार्यान्वयन विधि | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कर्णाली नदि वाट ढुङ्गा,गिट्टी, वालुवा उत्खनन तथा विक्री वितरण कार्यका लागी प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गर्ने कार्य | टीकापुर-२,५,७ र ८ | ५०००००।- | आन्तरिक | परामर्श सेवा | |
| २ | फोहरमैला व्यवस्थापन सेग्रिगेशन सेन्टरको व्यवस्थित सञ्चालनका | टीकापुर-५ | ५०००००।- | आन्तरिक | परामर्श सेवा | |

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गर्ने कार्य | | | | | |
| जम्मा | | | १००००००।- | | | |

निर्णय नं.५ टीकापुर नगरपालिका क्षेत्रमा हरेक वर्ष उत्सवको रुपमा मनाईने मुक्त कमैया दिवसको अवसरमा मिति २०८१।०४।०२ गते यस नगरपालिका नगर कार्यपालिकाको कार्यालय लगायत मातहतका सम्पुर्ण शैक्षिक संस्था, स्वास्थ्य संस्था, वडा कार्यालयहरुमा स्थानीय विदा दिने निर्णय गरियो।

निर्णय नं.६ यस नगरपालिकालाई पोषण मेत्री बनाउन **पोषण मैत्री स्थानीय शासन वडा तथा पालिका घोषणा कार्यविधि, २०८१** स्वीकृत गरी सोही कार्यविधि अनुसार पोषण मेत्री नगरपालिका घोषणा गर्ने निर्णय गरियो।

प्रमाणित

२०८१-४-३